घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या. : २०८२/०८३
चलानी नं.:

## माटो तथा मल परिक्षणका लागि नमुना संकलन गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८२/०९/०३)

प्रस्तुत विषयमा यस घरपझोङ गाउँपालिका, कृषि विकास शाखाको चालु आ.व.०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "माटो तथा मल परीक्षण कार्यक्रम" सञ्चालनार्थ यस कार्यालयबाट निःशुल्क रुपमा माटोको नमुना परिक्षण गरिने भएको हुँदा आफ्नो खेतबारीको माटो परिक्षण गर्न चाहनुहुने गाउँपालिका भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (अर्थात मितिः२०८२/०९/२३ गते भित्र) सम्बन्धित वडामा आवश्यक माटो तथा मलको नमुनामा देहायका व्यहोरा उल्लेख गरि निवेदन दर्ता गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

.........०८२/०९/०२
वेदहरि अधिकारी
(प्रमुख प्रशासकीय अधिकृत)

### माटो परिक्षण दर्ता गर्न अनिवार्य उल्लेख गर्नुपर्ने व्यहोराहरुः

- कृषकको नाम, थर र ठेगानाः
- नमुना लिने जग्गाको किसिमः खेत/बारी/पाखो/पानी जम्ने आदि
- नमूना संकलन जग्गाको विवरणः कित्ता नं./क्षेत्रफल वा लालपूर्जा प्रतिलिपि
- यस अघि लगाई रहेको बाली र अब लगाउन चाहेको बाली नामः
- सिंचाई अवस्थाः
- सम्पर्क नः

### मल परिक्षण दर्ता गर्न अनिवार्य उल्लेख गर्नुपर्ने व्यहोराहरुः

- कृषकको नाम, थर र ठेगानाः
- श्रोतको विवरणः उन्नत गाई/लोकल गाई/च्याङ्ग्रा/भेडा/अन्य प्रयोग गर्नुहुने कंपनीको प्योकेट मल आदि
- सम्पर्क नः
- प्रयोग गरेको अवधिः

*द्रष्टव्यःमाटोको आवश्यक नमुना लिने तरिका सम्बन्धि पोष्टर यसै सूचना साथमा संलग्न गरिएको छ। साथै थप जानकारीको लागि घरपझोङ गाउँपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।*

## घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

कार्यक्रमः माटो परिक्षण कार्यक्रम


| क्र.सं. | कृषकको नाम थर | नमुना लिने जग्गाको किसिम | | | | कि.नं. | क्षेत्रफल | नमूना सङ्ख्या | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खेत | बारी | पाखो | पानी जम्ने आदि | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ

कार्यक्रमः मल परिक्षण कार्यक्रम


| क.सं. | कृषक वा फर्मको नाम | ठेगाना | मलको श्रोतको विवरण | | | | | मलको नमूना सङ्ख्या | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उन्नत गाई | लोकल गाई | च्याङ्ग्रा | भेड | अन्य कम्पनी को प्योकेट मल भएको (नाम) | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल



चित्र ३ : माटोको नमुना लिदा फिल्डमा हिड्ने तरिका

## नमुना तयार कसरी गर्ने ?



जग्गाबाट जम्मा गरेको माटो खास गरेर कोदालो र खुर्पिको सहायताले गरेमा धेरै माटो हुन जान्छ। उक्त माटो लाई चित्र नं. ४ मा उल्लेखित तरिका अनुसार ०.५-१ के.जी.को नमुना बनाइ भनिएको विवरण अनुसार माटो जाचको लागि प्रयोगशालामा पठाउनु पर्छ। विवरणमा कृषकको नाम, ठेगाना, माटो संकलन गरेको मिति, लगाउन चाहेको बाली आदि अनिवार्य उल्लेख गर्नु पर्दछ।

माटो विश्लेषणको भरपर्दो प्रतिवेदन प्राप्त गर्नको लागी नमुना सङ्कलन गर्दा राम्रो ध्यान दिनु जरुरी हुन्छ। नमुना सङ्कलन गर्दा ध्यान नदिई जथाभावी नमुना सङ्कलन गरेमा माटो विश्लेषणको प्रतिवेदन भरपर्दो नहुन सक्ने हुंदा तपसिलका कुराहरुमा ध्यान दिनु पर्दछ।

- धेरै ठुलो जमिनबाट नुमना सङ्कलन गर्दा एक ठाउंबाट मात्र नमुना सङ्कलन नगरी धेरै ठाउंबाट सङ्कलन गर्नु राम्रो हुन्छ।
- माटोका नमुना सङ्कलन गरी सकेपछि रुखमुनी छहारीमा वा अन्य घाम नपर्ने ठाउमा सुकाई ओभानो हुन दिनु पर्दछ र ढुङ्गा, झारपात हटाउनु पर्दछ।
- राम्रोसग सुकेपछि माटो धुलो पारी मिसाउनु पर्दछ र आधा किलो माटो प्लाष्टिक वा कपडाको थैलोमा राख्नु पर्दछ। धेरै ठाउंबाट नमुना सङ्कलन गरी मिसाउंदा धेरै माटो भएमा त्यसलाई कम गरी आधा बनाउनु पर्दछ।
- माटोको नमुना लिई सकेपछि नमुनामा कृषकको नाम, खेतबारीको किसिम, यस अघि प्रयोग गरेको मलखादको मात्रा, यस अघि लगाएको बालीको अवस्था, पछि लगाउने बालीको किसिम आदी राम्रोसंग लखी टांस्नु पर्दछ।
- नमुना सङ्कलन गर्ने जमिनको माटोको रङ्ग, बनावट आदी फरक फरक छ भने फरक फरक रङ्ग वा बनोट भएको माटोको नुमना छुट्टा छुट्टै सङ्कलन गर्नु पर्दछ।
- नमुना सङ्कलन गर्दा आली, कान्ला आदीको नजिकबाट सङ्कलन गर्नु हुँदैन।
- पानीको मुहान वा निकासको नजिकबाट पनि नमुना सङ्कलन गर्नु हुँदैन।
- भरखरै मात्र मलखाद प्रयोग गरेको ठाउंबाट पनि नमुना सङ्कलन गर्नु हुँदैन। सकभर बाली लिई सकेपछि नमुना सङ्कलन गर्नु पर्दछ।
- ठुलो बर्षा वा पानी परेको लगत्तै नमुना सङ्कलन गर्नु हुँदैन। सकभर वर्षा शुरु हुनु अघि नमुना सङ्कलन गर्दा राम्रो हुन्छ तर धेरै सुख्खा माटोमा नमुना सङ्कलन गर्न गाह्रो पर्ने हुंदा केही चिसो भएको बेला नमुना सङ्कलन गर्नु पर्दछ।
- मल थुपारेको ठाउं वा गाई बस्तु बाधेको ठाउंबाट नमुना सङ्कलन गर्नु हुँदैन।

प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
माटो तथा मल परीक्षण प्रयोगशाला
गण्डकी, प्रदेश

# माटो परीक्षण किन र कसरी ?

प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
माटो तथा मल परीक्षण प्रयोगशाला
गण्डकी, प्रदेश

# माटोको उर्वराशक्ति व्यवस्थापनका लागि माटो परिक्षण

खेतीको मुख्य आधार नै माटो हो । बाली, बिरुवा माटोमै उम्रन्छन्, बढ्छन् र आफूलाई आवश्यक पर्ने खाद्यतत्व पनि माटोबाटै लिन्छन् । तसर्थ सफल तथा दिगो कृषि उत्पादनको लागि माटोको भौतिक रासायनिक तथा जैविक गुणहरु धेरै महत्वपूर्ण हुन्छ । परम्परागत खेति प्रणालीमा बाली सघनता कम हुनु, बालीको उत्पादन क्षमता र उत्पादकत्व पनि कम हुने हुंदा गोठेमल ( कम्पोष्ट ) को प्रयोग बाट मात्र पनि कृषि उत्पादन दिगो थियो । तर बिगत केही दशकबाट बाली सघनतामा बृद्धी,




बढी उत्पादन दिने जातहरुको खेती, प्रांगारिकमलको कमी तथा रासायनिकमलको असन्तुलित प्रयोगका कारण माटोको उर्वराशक्ति घट्दै जाने, र उत्पादन पनि घट्दै गएको कुरा कृषक दाजुभाई तथा प्राविधिकहरुले पनि महशुस गरेका छन् । तसर्थ सफल र दिगो कृषि उत्पादनको लागि माटोको उचित व्यवस्थापन गरी उर्वराशक्ति कायम राख्न वा सुधार गर्न नसके भविष्यमा कृषि उत्पादन र उत्पादकत्व घट्दै जाने निश्चित छ ।

## माटोको नमूना किन लिने ?

हामी कहां माटोको उवर्राशक्ति के कति छ र त्यसको सुधार वा व्यवस्थापन गर्न के गर्नु पर्दछ भन्ने थाहा पाउनको लागी माटो परिक्षण गराउने परम्परा बसि सकेको छैन । यदा कदा माटोका अम्लियपना थाहा पाउनको लागी अम्लियपनाको जांच र अम्लियपनाको सुधार गर्नुको लागी कृषि चुनको प्रयोग गर्न कृषि प्राविधिक तथा कृषि चुन उद्योग समेतले प्रयास गर्दै आए पनि सो को प्रभावकारी उपयोग भएको भने पाईदैन तर बिगत केही दशकबाट बढी उत्पादन दिने नयां जातको खेती गरिनु,

नमुना सङ्कलन गर्ने जमिनको माटोको रङ, बनावट, भिरालोपन आदी फरक फरक छ भने फरक फरक किसिमको माटोको नमुना छुट्टा छुट्टै सङ्कलन गर्नु पर्दछ ।



नाईट्रोजन युक्त मलको बढ्दो प्रयोग, भु-क्षय आदी कारणले गर्दा माटोको उर्वराशक्तिमा प्रतिकुल प्रभाव परी उत्पादन घट्दै गएको कुरा कृषकहरुले समेत महसुश गर्न लागेको पाईन्छ । तसर्थ माटोको उर्वराशक्ति कायम राखी उत्पादनलाई कायम राख्न समय समयमा आफ्नो खेतबारीको माटो परिक्षण गराई माटोको अम्लियपना तथा उर्वराशक्ति बारे जानकारी राखी माटो व्यवस्थापन कार्य गर्नु पर्दछ ।

## अन्न बाली तथा तरकारी बालीको लागी नमुना सकंलन गर्ने तरिका

माटोमा निहित खाद्यतत्व तथा अम्लियपनाको जानकारी लिन साधारणतया अन्न बाली तथा तरकारी बिरुवाको पनि खाना सोस्ने जराहरु जमिनको माथिल्लो सतह मै छरिएर रहेका हुन्छन् । त्यसैले कुनै पनि माटोको अम्लियपना थाहा पाउन र बिरुवाको पोषक तत्वहरु माटोमा कति छ भन्ने थाहा पाउन साधारणतया जमिनको सतह देखि १५-२० से.मी. तल सम्मको माटो मात्र सङ्कलन गरे हुन्छ ।



## फलफुल बालीको लागी नमुना सकंलन गर्ने तरिका


गहिरो जरा जाने बिरुवाहरु जस्तै : फलफुल बोट बिरुवा लगाउनको लागी जमिनको माथिल्लो माटो मात्र राम्रो भएर पुग्दैन । उक्त माटोमा बिरुवाको जरा राम्रोसंग बढ्न सक्छ वा सक्दैन । निकासको राम्रो व्यवस्था छ छैन वा तल्लो सतहको माटोको भौतिक अवस्था कस्तो छ भन्ने पनि थाहा पाउनु आवश्यक हुन्छ । तसर्थ फलफुल बोट बिरुवा वा अन्य गहिराई सम्म जरा जाने बिरुवा लगाउंनु अघि उक्त जमिनमा ३ फिट गहिरो खाडल खनि सतह देखी १५ से.मी. सम्मको छुट्टै, १५-३० से.मी. सम्मको छुट्टै, ३०-६० से.मी. सम्मको छुट्टै र ६०-९० से.मी. सम्मको छुट्टै नमुना सङ्कलन गर्नु पर्दछ ।



माटोको नमुना संकलन गर्ने विभिन्न प्रकारका औजारहरु

माटोको नमुना लिनको लागि आवश्यक सामग्रिहरु

- नमूना लिने अगर वा खुर्पि वा कोदाली
- नमूना संकलन गर्ने झोला वा बाल्टी र थैलो
- माटो फिजाउन कागज वा कपडा वा नाङ्लो
- ट्याग वा लेवल
- मार्कर पेन र कागज
- चक्कु






| भू -बनौट अनुसार | रङ्ग अनुसार |
|---|---|
| | काली माटो / फुस्रो माटो |

चित्र नं. १

माटोको नमुना कतिवटा लिने भन्ने जग्गाको बनोट, माटोको रंग, माटोको उर्वरा शक्ति आदि अनुसार चित्र नं. १ मा देखाए अनुसारको हुनु पर्छ ।

## नमुना कसरी लिने ?

माटोको नमुना कोदालोले वा अगर के ले लिने हो चित्र नं. २ मा देखाए बमोजिम लिनु पर्छ र नमुना लिदा जग्गामा कसरि हिडनेहो सो चित्र नं. ३ अनुसारको अंग्रेजी अक्षर ह, ६ र १ अनुसारमा हिडि नमुना संकलन गर्नै पर्छ ।



चित्र २ : माटोको नमूनाको गहिराइ



* गोठभित्र कुनामा सानो खाल्टो बनाएर,
* गोठमा बाक्लो सोस्ने सोतर प्रयोग गरी मूत्रको संरक्षण गरेर ।

## गाईवस्तुको गहुँत प्रयोग गर्ने तरिका:

क) १ भाग गाईवस्तुको मूत्रलाई विरुवाको अवस्थानुसार ४ देखि ८ भाग पानीमा मिसाएर बाली बिरुवामा युरियामलको सट्टा प्रयोग गर्ने ।

ख) पशुमूत्रलाई गोबरग्याँस प्लाण्टमा प्रयोग गर्दा ग्याँस उत्पादन बढ्नुका साथै मलको गुणस्तर समेत बढ्ने ।

ग) संकलित पशुमूत्रलाई प्लाष्टिक भाँडोमा राखी अमिलो, टर्रो, तीतो, पिरो वनस्पतिहरू (असुरो, तितेपाती, नीम, बकाइनो, बोझो, केतुकी, सिस्नु, सयपत्री, बनमारा, आदि) २५ देखि ३५ दिन कुहाई बनाइएको झोललाई विरुवाको अवस्था अनुसार १ भागमा ५-१० भाग पानी मिसाई वानस्पतिक विषादीको रुपमा प्रयोग गर्न सकिने जसबाट रोग कीरा व्यवस्थापन हुनुका साथै विरुवालाई चाहिने केही पोषक तत्व पनि प्राप्त हुन सक्ने ।



घ) पशुमूत्रलाई पानीमा मिसाई थोपा सिंचाइको रुपमा युरिया मलको सट्टा टपड्रेस गर्न सकिने।

ङ) टंकी वा ड्रममा पानी र पिसाब मिसाएर पाइपद्वारा सिंचाइ गर्दा राम्रो हुने ।

प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**माटो तथा मल परीक्षण प्रयोगशाला**

गण्डकी, प्रदेश

# भकारो सुधार तथा पशुमूत्रको संकलन र प्रयोग विधि

प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
माटो तथा मल परीक्षण प्रयोगशाला
गण्डकी, प्रदेश

## पृष्ठभूमि

गाईवस्तुको मलमूत्र, घाँसपातका अवशेषहरू र सोत्तरलाई गोठको नजिकै राखेर तयार पारिएको मललाई गोठेमल भनिन्छ। नेपालको कतिपय ठाउँहरूमा सोत्तर तथा घाँसपात प्रशस्त नपाइने हुँदा गाईभैंसीबाट निस्कने गोबर र मूत्रबाट मात्र पनि मल बनाइएको पाइन्छ भने प्रशस्त स्याउला, सोतर पाईने ठाउँमा स्याउला सो तर समेत एकै ठाउँमा विघटन गराई मल तयार गरिन्छ। जे होस गाई वस्तुको गोबर, मुत्र तथा सोतर लाई मुख्य श्रोतको रुपमा लिएर सोतर स्याउला मिसाई वा नमिसाई गोठ नजीक तयार गरिएको मललाई गोठेमल भन्न सकिन्छ। यो नेपालमा प्रयोग गरिने मुख्य प्राङ्गारिक मल हो।



एउटा गाई वा भैंसीबाट प्राप्त हुने नाइट्रोजन मध्ये मूत्रमा गोबरको भन्दा झण्डै दुई गुणा हुन्छ। उदाहरणकालागि एउटा गाईलाई १०० भाग नाइट्रोजन खुवाइयो भने २० भाग त्यसको शरीरको पोषणमा प्रयोग हुन्छ, ८० भाग मूत्र र गोबरबाट बाहिर निस्किन्छ। गोबर र पिसाबमा निस्कने ८० भागमध्ये ५२ भाग मूत्रमा र बाँकि २८ भाग गोबरमा रहन्छ।

गोबर र मूत्रनै गोठेमलका प्राथमिक स्रोत भएकाले यिनको संरक्षणकोलागि ध्यान दिनुपर्दछ। गोबर मात्र होइन मूत्र पनि जोगाउनु पर्दछ। यसकोलागि मूत्र सोस्ने खालका सामग्रीहरू सोत्तरको रूपमा प्रयोग गर्नुपर्दछ। हाम्रो देशको परिप्रेक्ष्यमा हेर्दा गोठहरू राम्रोसँग तयार पारिएका हुँदैनन्। गोबरको प्रयोग गरे पनि मूत्र भुईंमा नै खेरजान्छ। तर खाद्यतत्वको रूपमा हेर्दा गोबर र मूत्रको बराबर महत्व हुन्छ। गोठेमल बनाउँदा गाईवस्तुको गोबर, मूत्र र सोत्तरलाई राम्रो र सुरक्षित तरिकाले विघटित गराउन जरुरी हुन्छ। यसकालागि गोठ तथा खाडलको राम्रो व्यवस्था हुनुपर्दछ। राम्रो गोठेमल बनाउनकोलागि निम्न कुराहरूमा ध्यान दिनु पर्दछ।

- गाईवस्तुको मूत्र पूर्णरूपले सदुपयोग हुनुपर्दछ। यसकालागि अधिकतम् मात्रामा सोत्तरको व्यवस्था गर्नुपर्दछ। सोत्तर पर्याप्त नभए भकाराको नजिक मूत्र सङ्कलन गर्ने सानो खाडल वा टङ्गी बनाइ कुलेसोद्वारा मूत्र सङ्कलन गरी सिधै विरुवामा प्रयोग गर्न पनि सकिन्छ। अथवा सङ्कलित मूत्रलाई गोठेमलमा लगेर मिसाउन पनि सकिन्छ।
- खाडल खन्न नमिल्ने अथवा नसक्ने अवस्थामा मललाई जमिनमै थुपारेर राख्न सकिन्छ। यस्तो अवस्थामा मलको वरिपरि ढुङ्गाको पर्खाल वा काठपात र स्याउलाले बार्न पनि सकिन्छ। यसो गर्दा मललाई घाम-पानीबाट जोगाउन सकिन्छ। घाम पानीबाट मललाई जोगाउनु भनेको सब भन्दा महत्वपूर्ण कुरा हो।



[illegible] खेतबारीमा लगे के दिन जोतेर माटोमा मिलाउनु पर्दछ। यदि त्यसो गर्न नसकिन्छ भने एकै ठाउँमा थुपारेर कालो प्लाष्टिक वा माटोले छोपेर राख्नु पर्दछ।

- मल राम्रोसँग विघटित नहुनु एउटा प्रमुख समस्या भएको हुँदा गोबरमललाई खाडल वा थुप्रोमा राम्रोसँग मिलाइ राख्नु पर्दछ।
- खाडल या थुप्रोमा पानी अथवा भल पस्न दिनु हुँदैन।
- खाडल वा थुप्रोमा गोठेमल थुपार्दै जानुपर्दछ। हरेक हप्ता चुली लागेको मललाई फिँजाएर मिलाउनु पर्दछ
- मललाई छानो दिएर घामपानीबाट जोगाउँदा राम्रो हुन्छ। छानो दिन नसक्ने अवस्थामा खाडल वा थुप्रो पुरै भरिए पछि सकेसम्म प्लास्टिक वा स्याउला वा झारपातले भए पनि मललाई छोपेर राख्नु अनिवार्य हुन्छ। गोठेमललाई पल्टाउन जरुरत पर्दैन।
- हिउँद याममा प्रायःजसो कृषकहरूले बारीमा गोठ सार्ने गर्दछन्। गाईवस्तुलाई घाम तपाउन (त्यानो पार्न) र नल-पराल बारीमै खुवाउन यसो गरिन्छ। यसो गर्दा मल बढी सुकेर नोक्सान हुन्छ। बढी मात्रामा सोत्तरको प्रयोग गरी मूत्र सोस्ने व्यवस्था मिलाई मललाई खाडलमा राख्नुपर्दछ। खाडलमा राख्न नसक्ने अवस्थामा झारपातले नै भए पनि मलको थुप्रोलाई छोप्नुपर्दछ वा माटोले चारैतिर लिपिदिन पनि सकिन्छ।



प्राङ्गारिक पदार्थ माटोको मुटु हो। यसले माटोको बहुआयामिक सुधार गर्दछ।

### पशुमूत्रको प्रयोगबाट हुने फाईदा

क) युरिया मलमा पाइने नाइट्रोजन तथा म्युरेट अफ पोटासमा पाइने पोटास सजिलै परिपूर्ति गरी ठूलो रकम विदेशिनबाट जोगाउन सकिने,

ख) पशुमूत्रबाट वानस्पतिक विषादी बनाएर बालीनालीको रोग कीरा व्यवस्थापन तथा सुक्ष्मतत्वको पूर्ति गर्न सकिने,

ग) रासायनिक मल तथा विषादीको मात्रा घटाई उत्पादन लागत घटाउन सकिने,

घ) गाईवस्तुको भकारो सफा भई रोगव्याधि कम हुने र दूधको उत्पादन बढ्ने,

ङ) बालीविरुवामा प्रयोग गर्दा पिसाबसँगै सिंचाइ पनि हुने

च) गोबर ग्याँसमा प्रयोग गर्दा मिथेन ग्यास बढी उत्पादन हुने,

छ) गोठेमलको गुणस्तर बढाउन सकिने।

ज) रसायनिक मलको परनिर्भरता कम गर्दै उत्पादन लागत कम गर्ने।

### पशुमूत्रको हिसाव

पाँचवटा गाईवस्तु (वयस्क र बच्चा) गाईवस्तुको हिसाव गर्दा, उक्त गाईवस्तुबाट प्राप्त हुने पशुमूत्रमा पाइने नाइट्रोजनको मात्राः

| पिसाव सङ्कलन (लिटर) | | प्राप्त नाइट्रोजन (किलो) | | बराबर युरिया (किलो) | |
|---|---|---|---|---|---|
| प्रति दिन | प्रति महिना | प्रति दिन | प्रति महिना | प्रति दिन | प्रति महिना |
| २० | ६०० | ०.३ | ९ | ०.६५ | १९.५ |

१०० लिटर पिसावबाट १.५किलो नाइट्रोजन पाइन्छ र १ किलो युरियामा ४६ प्रतिशत नाइट्रोजन पाइन्छ भने, १ किलो युरियाको लागि ३१ लिटर पिसाव जम्मा गर्नु पर्ने हुन्छ।

| तरकारी क्षेत्रफ (रोपनी) | आवश्यक युरिया (किलो) | आवश्यक पिसाव (लिटर) | लाग्ने दिन | |
|---|---|---|---|---|
| | | | १ गाईवस्तु | ५ गाईवस्तु |
| १ | ११.५ | ३५६.५ | १५२ | १७ |

१ बोरा युरियाकोलागि १५३३ लिटर पिसाव संकलन गर्नुपर्दछ। जुन ५ वटा गाईवस्तुबाट ७६ दिन (२.५महिना) मा प्राप्त हुन्छ।

### गाईवस्तुको पिसाब संकलन र संरक्षण गर्ने तरिकाः

- भकारोको भुईंलाई सिमेन्टद्वारा पक्की बनाई मूत्र संकलन ट्याकीबनाएर
- पाइपबाट प्लाष्टिक ट्यांकीमा जम्मा गरेर,